कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

विराटनगर

माछापुछ्रे बचत तथा ऋण सहकारी संस्था लि., विराटनगर-७, मोरंगका सदस्य, बचतकर्ता तथा साहुहरुलाई मागदावी आवेदन पेश गर्ने बारेको सुचना ।

सुचना प्रकाशित मिति २०८३।०५।२२ गते

उद्योग,कृषि तथा सहकारी मन्त्रालय,कोशी प्रदेश,विराटनगरको मिति २०८३।०४।१२ को निर्णयानुसार (मा.मन्त्रिस्तर) समस्याग्रस्त घोषणा भई यस कार्यालयले व्यवस्थापन गरिरहेको माछापुछ्रे बचत तथा ऋण सहकारी संस्था लि.,विराटनगर-७,मोरंगका सदस्य,बचतकर्ता,साहु र बैंक तथा वित्तिय संस्थाहरुलाई कोशी प्रदेश सहकारी ऐन,२०७६ को दफा १०३ बमोजिम संस्थाबाट आफुले पाउनुपर्ने रकम मिति २०८३ भाद्र २५ गतेदेखि २०८३ आश्विन मसान्त सम्म तपशिलमा उल्लेखित कागजात सहित स्वयं उपस्थित भई दावी पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

तपशिल

(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि-१

(ख) दाविकर्ताको नाममा रहेको नेपाल स्थित कुनैपनि बैक तथा विकास बैंकमा भएको खाताको रद्द गरिएको चेकको प्रति-१

(ग) पासबुक वा संस्थाले दिएको बचत,आवधिक बचत वा अन्य कारोबारको प्रमाण खुल्ने कागजातका प्रतिलिपिहरु।

(घ) बाल बचतका हकमा बच्चाको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि-१

(ङ) कुनै संचालक वा बचतकर्ताले कुनै बचत कर्ताको बचत फिर्ता गरेको भए,सो रकम बचतकर्ताले फिर्ता बुझीलिएको प्रमाणको प्रतिलिपि।

(च) संस्थाको हकमा पाउनुपर्ने हिसाबको प्रमाण र सम्बन्धित कार्यालयको आधिकारिक पत्र।

(छ) साहुका हकमा सम्बन्धित स्थानिय तहबाट प्रमाणित भएको संस्था र साहु बिच भएको लेनदेनको सक्कलै कागजात।

(ज) लगानिकर्ता बैंकको हकमा संस्थाका आधिकारीक पदाधिकारी/प्रतिनिधि बिच भएको ऋण लेनदेन सम्बन्धि निर्णय,ऋण माँग पत्र,ऋण सम्बन्धि लिखत र अन्य सम्बन्धित प्रमाणका प्रतिलिपिहरु।

आवेदन पेश गर्ने स्थान

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय,
विराटनगर-१०, अक्वापार्क दक्षिण।
सम्पर्क नं. ०२१-४७०१०५,९८५२०४२१६२

सदस्य सचिव